जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

Login




**स्टालिनको कुखुरो र हामी**

✍ **बाँस्कोटा धनञ्जय**
baskota69@gmail.com

पृष्ठ २


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक–६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३–५७५४०९



**गौरादह सेकुवा कर्नरको सूचना**

आज मिति २०८२ जेठ २६ गते सोमबार घरायसी कारणले गर्दा १ दिनका लागि **गौरादह सेकुवा कर्नर** पोखरी छेउ बन्द रहने जानकारी गराउँदछौं।
यसबाट ग्राहक वर्गमा पर्न गएको असुविधाप्रति क्षमा पार्थी छौं। *साथै* भोलि मिति २०८२ जेठ २७ गते मंगलबारदेखि यथावत् समयमै सञ्चालन हुने जानकारी गराउँदछौं

प्रो. केशरबहादुर खवास
**गौरादह सेकुवा कर्नर**
पोखरीछेउ (झापा) मो. ९८५२६७६०९३



❑ वर्ष-२० ❑ अंक - १५४ ❑ २०८२ जेठ २६ गते सोमबार ❑ Monday, 9 June, 2025 ❑ मूल्य ७ /-


## भिजिट भिसा प्रकरण

# अनिर्णयको बन्दी बन्दै संसद्

✍ **पूर्वसन्देश समाचार**

**दमक/** भिजिट भिसा प्रकरणमा जोडिएका गृहमन्त्री लेखकको राजीनामाका विषयमा सत्ता र प्रतिपक्षी दलहरूको आ–आ‍ॅनै अडानका कारण प्रतिनिधिसभा बैठक लगातार अवरोध हुँदै आएको छ । आइतबारको प्रतिनिधि सभाको बैठक पनि प्रतिपक्षको अवरोधका कारण पुनः सोमबारसम्मका लागि स्थगित भएको छ । अपराँह्न साढे ५ बजे बोलाइएको बैठक करिब एक घण्टा ढिलो गरी सुरू भएको थियो ।

बैठक सुरू भएलगत्तै प्रतिपक्षी दलका सांसदहरू आफ्नो स्थानबाट उठेपछि कार्यसूचीमा प्रवेशै नगरी सभामुखले बैठक स्थगित गरेका हुन् । अब प्रतिनिधिसभा बैठक भोलि सोमबार दिउँसो २ बजे बस्ने छ ।

भिजिट भिसा प्रकरण उच्चस्तरीय छानबिन समिति गठन गर्न सत्तापक्ष तयार नभएसम्म संसद्को अवरोध नहटाउने निष्कर्षमा विपक्षी दलहरूको अडान कायमै रहेको छ । आइतबार संसद् भवन नयाँ बानेश्वरमा बसेको बैठकले विपक्षी दलहरूले राखेको प्रस्तावमा सत्ताधारी कांग्रेस र एमाले तयार नभएकाले संसद्को अवरोध जारी राख्ने निष्कर्ष निकालेको छ ।

बैठकमा प्रमुख प्रतिपक्ष दलका नेता तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले कांग्रेसका सभापति शेरबहादुर देउवासँग शनिबार भएको छलफलबारे जानकारी गराएको माओवादीको प्रमुख सचेतक हितराज पाण्डेले जानकारी दिए ।

पाण्डेका अनुसार प्रचण्डले संसद्को अवरोध हटाउन विपक्षी दलहरूले राखेको प्रस्ताव उच्चस्तरीय छानबिन समिति गठन गर्न सत्तापक्ष तयार भए सदन खुलाउन आफू तयार भएको प्रस्ताव राखेका थिए । तर प्रचण्डको प्रस्तावमा देउवा तयार नभएकोबारे उनले बैठकमा ब्रिफिङ गरेका थिए ।

'भिजिट भिसा प्रकरणमा छानबिन गर्न उच्चस्तरीय छानबिन समिति गठन गर्नुपर्ने हाम्रो अडान कायमै छ । समिति गठन गर्न प्रचण्डले देउवासँग राख्नुभएको प्रस्तावबारे पनि तयार भएको देखिएन । अहिले सत्तापक्षकै नेताहरू छलफलमा होलान् । हाम्रो अडान यथावत रहेको छ', पाण्डेले भने । विपक्षी दलहरूको निर्णय लिएर उपमहासचिव शक्ति बस्नेतले कांग्रेसका नेताहरूसँग गरिएको छलफल समेत सकारात्मक नभएको पाण्डेले जानकारी दिए ।

सोही विषयलाई लिएर संसद सुचारू गर्ने विषयमा सभामुख घिमिरे हरेक आफै लागिरहेका छन् तर पनि प्रतिपक्ष र सत्ता पक्ष टसकोमस नभईदिंदा उनको प्रयास पनि वालुवामा पानी भएको छ । आइतबार पनि निकै प्रयास सभामुख घिमिरेबाट नभएको होइन । संसद्को अवरोध हटाउने विषयमा प्रमुख तीन दलका प्रमुख सचेतक र मुख्य सचेतकसँग छलफल गरेका छन् । सभामुख घिमिरेले सिंहदरबारमा आइतबार बिहान नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरे, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का प्रमुख सचेतक महेशकुमार बर्तौला बाँकी ४ पेजमा ▸▸

## संक्षेप

### काठमाडौं फर्किए पूर्वराजा ज्ञानेन्द्र

**दमक**/पूर्वराजा ज्ञानेन्द्र शाह झापाबाट काठमाडौं फर्किएका छन् । आइतबार दिउँसो उनी काठमाडौं फर्किएका हुन् । काठमाडौंमा राजसंस्था पुनर्स्थापनाका लागि जेठ १५ देखिको आन्दोलन चलिरहँदा ज्ञानेन्द्र झापामा थिए । जेठ ११ गते नै पूर्व राजा ज्ञानेन्द्र झापा आएका थिए । उनीसँग भतिजी सिताष्मा शाह, छोरी प्रेरणा शाहसहित चन्द्रगढी बिमानस्थलबाटै फर्किएका छन् । पूर्व राजा शाहको बिदाईका लागिसमर्थकहरु विमानस्थल पुगेका थिए । उनी दमक-९ स्थित हिमालयन महालक्ष्मी टि इस्टेटको मिनी दरबारमा दुई हप्ते बसाइँ पछि काठमाडौं फर्किएका हुन । राप्रपालगायत आफु निकटका व्यक्तिहरुसँग भेटघाट गरेको राप्रप्रास्रोतले जानकारी दिएको छ ।

### न्यायाधीसमाथि छानविन सुरु

**दमक**/ पूर्वमन्त्री तथा कांग्रेस नेता मोहम्मद आफताब आलमसहित चार जनालाई सफाइ दिने न्यायाधीशहरूमाथि छानबिन गर्न न्यायपरिषद्ले प्रक्रिया अघि बढाएको छ । जिल्ला अदालत रौतहटले गरेको जन्मकैदको फैसला उल्ट्याउँदै नेता आलमलाई सफाइ दिएको विषयमा उच्च अदालत अस्थायी इजलास वीरगञ्जका न्यायाधीशद्वय खुशीप्रसाद थारू र अर्जुन महर्जनविरुद्ध उजुरी परेपछि न्यायपरिषद्को बैठक बसेर सो प्रक्रिया अघि बढाइएको हो ।

### कमिशनमा बजेट सुनिश्चित गर्न अडियो संवाद

**काठमाडौं**/ सुदूरपश्चिम प्रदेश सरकारका मुख्यमन्त्री कमलबहादुर शाहले बजेट निर्माणका क्रममा गतल मनसाय र उद्देश्यले संवाद गर्नेलाई कारबाही गर्ने चेतावनी दिएका छन् । कैलालीमा पछिल्ला केही दिनदेखि निश्चित प्रतिशत रकम वा कमिसन दिएमा भनेजति बजेट पारिदिने भन्ने खाले अडिओ बाहिरिएको छ । त्यस विषयमा बोल्दै आइतबार मुख्यमन्त्री शाहले गलत काम गर्नेलाई कारबाही गर्ने चेतावनी दिएका हुन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पत्रकार सम्मेलन गरी सरकारले शून्य सहनशीलताको नीति लिएको बताए ।

### कीर्ते मुद्दाका फरार प्रतिवादी पक्राउ

दमक । सरकारी छाप र दस्तखत कीर्ते मुद्दामा १६ वर्षदेखि फरार रहेका प्रतिवादी रोशन राईलाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय चतराबाट खटिएको प्रहरी टोलीले विशेष सूचनाका आधारमा शुक्रबार बिहान साढे ११ बजे बराहक्षेत्र नगरपालिका-१, भलायोटार टोलस्थित राईको आफ्नै घरबाट उनलाई पक्राउ गरेको हो ।

# एसईई परीक्षाफल प्रकाशनमा परिक्षा बोर्ड नै अनभिज्ञ

**दमक/** माध्यमिक शिक्षा परीक्षा (एसइई) सकिएको दुई महिना बितिसक्दा पनि नतिजा अनिश्चित बनेको छ। एसइई परीक्षा दिएका करिब पाँच लाख विद्यार्थीहरू यतिखेर यही नतिजाको पर्खाइमा छन्। अघिल्ला वर्षहरूमा एसइई परीक्षा नतिजा असार दोस्रो/तेस्रो हप्तामा प्रकाशित हुने गरेको थियो ।

तर, यस वर्षको परीक्षा नतिजा प्रकाशनमा शिक्षकहरूको आन्दोलनका कारण ढिलाई हुने देखिएको छ। २०८१ सालको एसइई परीक्षा गत चैत ७ गतेबाट सुरू भएर १४ गते सकिएको थियो । प्राविधिक धारतर्फको भने चैत १९ गते सकिएको थियो । तर उत्तरपुस्तिका परीक्षण गर्ने बेला चैत २० गतेदेखि नै 'शिक्षा विधेयक' जारी गर्नुपर्ने माग राख्दै देशभरका शिक्षक/कर्मचारीहरू काठमाडौं केन्द्रित आन्दोलनमा सहभागी भए ।

उनीहरूको आन्दोलन २९ दिनसम्म चल्यो । गत वैशाख १७ गते सरकार र शिक्षक महासंघबीच ९ बुँदे सहमति भएपछि भने शिक्षकहरू घर फर्किएका थिए । त्यसपछि बन्द भएका सामुदायिक विद्यालय खुले । नयाँ भर्नासँगै पठनपाठन पनि सुरू भयो । रोकिएको एसइई उत्तरपुस्तिका परीक्षण कार्य पनि सुरू भएपनि समयमा नतिजा आउने सन्दर्भमा परीक्षा बोर्ड नै अनभिज्ञता प्रकट गर्दछ। अब कहिलेसम्ममा नतिजा प्रकाशित होला भन्ने प्रश्नमा बोर्डले समेत यकिन समय तोक्न सकेको छैन । राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालय कक्षा १० का उप-नियन्त्रक तारानाथ निरौलाका अनुसार अहिले परीक्षण केन्द्रहरूबाट उत्तरपुस्तिका परीक्षण सकिएर केन्द्रमा आउने क्रम जारी छ। निरौला भन्छन्- 'अझै सबै परीक्षण केन्द्रहरूबाट उत्तरपुस्तिका आइसकेको छैन,आउने क्रम जारी छ। सबै परीक्षण केन्द्रहरूबाट परीक्षण भएको तथ्यांकसहितको उत्तरपुस्तिका आइसकेपछि मात्रै यो समयमा नतिजा प्रकाशन हुन्छ भनेर भन्न सक्छौं, अहिले चाही भन्न सक्दैनौं ।'

# पहाडीसहित १८ जनामा भ्रष्टाचार मुद्दा दायर

**दमक**/ नेपाली टेलिकमकी प्रबन्ध निर्देशक संगीता पहाडीसहित १८ जनाविरुद्ध भ्रष्टाचारको मुद्दा दायर भएको छ । आइतबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाली टेलिकमकी प्रबन्ध निर्देशक पहाडीसहित १८ जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचारको मुद्दा दायर गरेको हो ।

विशेष अदालतका सूचना अधिकारी यज्ञराज रेग्मीका अनुसार राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन कार्यकारी निर्देशक सुनिल पौडेलविरुद्ध पनि मुद्दा दर्ता भएको छ। उनीहरूसँग अख्तियारले ३३ करोड रुपैयाँ बिगो मागदाबी गरेको सूचना अधिकारी रेग्मीले बताए । अख्तियारले टेलिकमको बिलिङ प्रणालीको मर्मत सम्भारसम्बन्धी ठेक्का लम्ब्याउने क्रममा भ्रष्टाचार भएको दाबी गरेको छ। यो मुद्दामा पहाडीसहितको सुनिल पौडेल, प्रतिभा श्रेष्ठ, हेमप्रभा रामप्रताप कर्ण, नवल चौधरीलगायतको टोली रहेको छ ।

अख्तियारको दाबीमा प्रतिस्पर्धाबिना ३ अर्ब १५ करोड रुपैयाँको ठेक्का सम्झौतामा अनियमितता देखिएको हो । टेलिकममा बिलिङ प्रणालीको सेवा उपलब्ध गराइरहेको थियो । टेलिकम सञ्चालक समितिले २४ पुस २०७९ मा एसिया इन्फो कम्पनीसँग चार बर्षका लागि मर्मतसम्भार सम्झौता गरेको थियो । त्यतिबेला बाँकी ४ पेजमा ▸▸

# भोजपुरमा आङखस्नेहरुको शल्यक्रिया

**भोजपुर**/ भोजपुर जिल्ला अस्पतालमा सञ्चालन भएको शिविरमा आङ खस्ने समस्या भएका १५ जनाको शल्यक्रिया गरिएको छ। निःशुल्क शल्यक्रिया शिविरमा उनीहरुको शल्यक्रिया गरिएको स्वास्थ्य कार्यालय भोजपुरका प्रमुख राजु श्रेष्ठले जानकारी दिए ।

'समस्या भएर पनि उपचार नपाएकाहरुलाई लक्षित गरी शिविर आयोजना गरिएको थियो, जसमा १५ जनाले शल्यक्रिया सेवा लिएको उनले बताए। जिल्ला स्वास्थ्य कार्यालय भोजपुरको आयोजना तथा जिल्ला अस्पताल भोजपुरको समन्वयमा भएको शिविरमा भोजपुर बाँकी ४ पेजमा ▸▸

# सुर्योदयमा बैंक बिर्साउँदै सहकारी

इलाम । विदेशी भूमिमा पसिना बगाएका र फर्किएर गाउँमै रोजगारी सृजना गरेका सूर्योदय नगरपालिका-१३ र १४ का बासिन्दाले सञ्चालन गरेको 'आप्रवासी बहुउद्देश्यीय सहकारी संस्था' को प्रभावकारीताले बैंक बिर्साउँदै लगेको छ । त्रिहत्तर घरपरिवार आबद्ध सहकारीमा अहिले मासिक रू दुई सय अनिवार्य र रू पाँच सय ऐच्छिक बचत संकलन हुँदै आएको छ ।

"अप्ठ्यारो पर्दा चर्को ब्याजमा ऋण खानुपरेको छैन । सहकारी सुरू भएपछि हामीलाई सहारा मिलेको छ", संस्थाकी कोषाध्यक्ष रीनाराईले बताए । "सहकारीले १२ प्रतिशत ब्याजदरमा अधिकतम रू १० हजार ऋण उपलब्ध गराउँछ । एक सदस्यले तीन महिनाकालागि ऋण लिन पाउने व्यवस्था छ । तीन महिनाका लागि रू १० हजार ऋण लिएमा जम्मा रू. तीन सय ६० ब्याज तिर्नुपर्छ ।"

सहकारीकी सहसचिव माया राईका अनुसार यो ऋणले बालबच्चाको पढाइदेखि तरकारीखेती, बीउबिजन खरिदजस्ता काममासदस्यलाई सहुलियत दिएको छ । विसं २०७९ मा स्थापना भएको सो सहकारीमा हाल ७३ परिवार आबद्ध छन् । विदेश गएका वाफर्किएका सदस्यमात्र सामेल हुन पाउने यो सहकारीले आर्थिक समृद्धिको यात्रामा महत्त्वपूर्ण पाइला चालेको छ । सुरूमा ४० जना सेयरसदस्यबाट सुरू गरिएको सहकारीमा अहिले मासिक रू दुई सय अनिवार्य र रू पाँच सय ऐच्छिक बचत संकलन हुँदै आएको हो । सचिव हेमकुमारी भट्टराईका अनुसार सामीले दिएको रू सात हजार सहयोगबाट सुरु गरिएको अचार व्यवसायले हालसम्म रू ३५ हजारआम्दानी दिएको छ । मेला र महोत्सवमा मागअनुसार तयारी गरेर बिक्री गरिने गरिएको छ । संस्थालाई गत वर्ष सूर्योदय नगरपालिकालेरू एक लाख बराबरको टेबल, कुर्सी, दराज र र्‍याक सहयोगस्वरूप प्रदान गरेको थियो । सहकारीका अध्यक्ष अर्जुन अधिकारीका अनुसार स्थानीय डम्बरसिंह राईले घरभाडामा सहुलियत दिएका छन् ।

## कालोपट्टि बाँधेर निजामती कर्मचारी आन्दोलनमा

दमक/ निजामती कर्मचारीहरूको तलब पुनरावलोकन गरी बढाउनुपर्नेमा सो नभएको भन्दै पूर्वकर्मचारीहरूले विरोध जनाएका छन् । निवृत्त राष्ट्रसेवक समाज नेपाल केन्द्रीय कार्यसमितिले निर्देशन गरेअनुसार आज सोमबार देशका सबै जिल्लाहरूमा प्रमुख जिल्ला अधिकारीलाई तलब वृद्धिका लागि आवश्यक व्यवस्था गर्न माग गर्दै ज्ञापन पत्र समेत बुझाउने कार्यक्रम रहेको छ ।

समाजका केन्द्रीय अध्यक्ष खेमनाथ अधिकारीले प्रत्येक ३ वर्षमा निजामती कर्मचारीहरूको तलब पुनरावलोकन गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ । तर वर्तमान सरकारले संविधानको सो व्यवस्थाको उल्लंघन गरी यही जेठ १५ गते प्रस्तुत गरेको बजेटमा तलब वृद्धि नगरी महंगी भत्ताका नाममा मासिक ५ बाँकी ४ पेजमा ▸▸


**मस्टाङ्ग फुटवेयर कारखाना बिक्रीमा**

**दमक–५ मा चलिरहेको मस्टाङ्ग फुटवेयर विशेष कारणवस बिक्रीमा छ। इच्छुकले चाडो सम्पर्क गर्नुहोला।**

**सम्पर्क: ९८१३७५१३०९/९८६२१४६१४५**


# नारी सञ्चार गृहको अक्षयकोषमा ५० लाख

**दमक**/ झापाली पत्रकार महिलाहरुको साझा संस्था नारी सञ्चार गृहले स्थापना गरेको नारी सञ्चार प्रोत्साहन अक्षयकोषमा ५० लाख रुपैयाँ पुगेको छ। बिर्तामोडमा आयोजित एक कार्यक्रमका बीच पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको उपस्थितिमा संस्थाकी अध्यक्ष रेजिना गौतमले कोषमा ५० लाख पुगेको घोषणा गरिन्। २०६९ सालमा स्थापना गरिएको संस्थाले पत्रकार महिलाहरुको स्वास्थ्योपचार, लेखनवृत्ति तथा प्रोत्साहनका लागि अम्बिका भण्डारी अध्यक्ष रहेको बेला अक्षयकोषको सुरुवात गरेको थियो ।

२०७५ सालदेखि सुरु भएको अक्षयकोषमा हाल ५१ लाख ५१ हजार रुपैयाँ पुगिसकेको संस्थाकी कोषाध्यक्ष स्वास्तिका आचार्यले जानकारी दिइन्। कोषमा संस्थागत तथा व्यक्तिगत सहयोग प्राप्त हुँदै आएको र एक करोड रुपैयाँको अक्षयकोषको लक्ष्य राखिएको अक्षयकोष व्यवस्थापन तथा परिचालन समितिकी संयोजक ज्योत्सना श्रेष्ठले बताइन्।


**दमक नगरपालिका**
**७ नं. वडा कार्यालय दमक झापाको**

**कोठा खाली गरिदिने सम्बन्धी ३५ दिने सूचना**

दमक नगरपालिका वडा नं. ०७ अशोक कुमार अग्रवालको नाममा दर्ता कायम रहेको जग्गामा निर्मित घरको गोदाममा किरानाका मालसामानहरु राख्न २ वटा कोठाहरु गोदामको रुपमा प्रयोग गर्दै आउनुभएका दमक ०६ स्थीत सिमर्ण स्टोर का प्रो. विजय शाह नामक व्यक्तिले २०६१ साल फाल्गुन महिना देखी गोदाम बन्दगरी घरभाडा नतिरी हालसम्म सम्पर्कविहीन अवस्थामा रहेकाले यस सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र निज स्वयं उपस्थित भई सम्पर्कमा आउनुहुन जानकारी गराइन्छ। निर्धारित समयभित्र सम्पर्कमा नआएको खण्डमा उक्त गोदाम खोलिनेछ भन्ने कुरा यसै सूचनामार्फत जानकारी गराइन्छ।



**उद्यम विकास बचत तथा ऋण सहकारी संस्था लि. दमक–६ झापाको**

**ऋण चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सूचना**

*प्रथम पटक प्रकाशित मिति : २०८२। ०२। २५*

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यले व्यावसायीक प्रयोजनको लागि ऋण लिँदाको बखतमा तोकिएको भुक्तानी तालीका अनुसार तिर्नु बुझाउनु पर्ने साँवा र ब्याज रकम नतिरी नबुझाई संस्थालाई लेखी-लेखाई दिएको ऋण सम्बन्धी सर्त बन्देज उल्लघंन गर्नुभएकोले संस्थाले पटक-पटक लिखित तथा मौखिक रुपमा तागेता गर्दा पनि आलटाल गरी सर्त बमोजिम संस्थालाई बुझाउनु पर्ने साँवा र ब्याज नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा यस संस्थाको कार्यालयमा आई भाखा नागेको ऋणको साँवा, ब्याज र विलम्ब शुल्क एकमुष्ठ चुक्ता गर्न/गराउनु हुन तपाई ऋणी सदस्यलाई यो सूचना प्रकाशित गरिएको छ। अतः यस सूचनालाई बेवास्ता गरी तिर्नु बुझाउनु पर्ने साँवा र ब्याज रकम नतिरी नबुझाएको अवस्थामा सहकारी ऐन २०७४ तथा नियमावली २०७५ अनुसार कारबाही प्रकृया अगाडि बढाइने छ।

**ऋणीको नाम ठेगाना र तीनपुस्ते विवरण :**

| ऋणीको नाम थर र वतन | धितोको विवरण |
|---|---|
| नाम : डिक बहादुर बिश्वर्कमा<br>बाबु: तिलक बहादुर बिश्वर्कमा<br>बाजे: जन्धमान बिश्वर्कमा<br>वतन: (दमक नगरपालिका साविक-१८, हाल दमक १०)<br>ना.प.न. : ११६४<br>जारी मिति : २०६०/०५/०८<br>**जमानीको बिवरण**<br>नाम : जानुका बिश्वर्कमा<br>नाता: श्रीमती | **नाम : डिक बहादुर बिश्वर्कमा**<br>बाबु: तिलक बहादुर बिश्वर्कमा<br>बाजे: जन्धमान बिश्वर्कमा<br>जग्गाको बिवरण : दमक नगरपालिका साविक-१८, हाल दमक-१० कि.नं. १९९ क्षेत्रफल ५०७.९६ बर्ग मि.<br>**नाम : जानुका बिश्वर्कमा**<br>बुबा : बम बहादुर बिश्वकर्मा<br>पति : डिक बहादुर बिश्वकर्म<br>ना.प.न. : २१२२९<br>जारी मिति : २०६१/०८/११<br>जग्गाको बिवरण : दमक नगरपालिका साबिक –१८, हाल दमक १०<br>कि.न. २८८ क्षेत्रफल २२४.३१ बर्ग मि. |

# सम्पादकीय

## लाखौंले देश छोड्ने थालेपछि राजनीति कसका लागि ?

मुलुकमा बढ्दो भ्रष्टाचार, राजनीति खिचातानी, अराजकता, बेथिति, बेरोजगारी जस्ता कारणले वाक्कदिक्क भएर नेपालीहरुले सधैंका लागि देश छाड्ने क्रम बढ्दो देखिन्छ । पछिल्लो २ वर्षको मात्रै सरकारी तथ्यांक हेर्ने हो भने १ लाख ३७ हजार नेपाली स्थानीय रुपमै देश छाडेर विदेशमा बसाइँ सरेका छन् । अध्यागमन कार्यालयकाअनुसार त्यसरी देश नै छाडेर विदेश बसाईसराई गर्नेहरुमा महिला भन्दा पुरुषको संख्या धेरै देखिन्छ । दुई वर्षको अवधिमा मात्रै ७१ हजार २०७ जना नेपाली पुरुष स्थायी रुपमै बसाई सरेर नेपालबाट अनुमति लिएरै विदेश गएका छन् । त्यस्तै त्यसरी बसाई सरेर विदेश जाने महिलाको संख्या ६६ हजार ५ सय ३८ रहेको छ ।

अध्यागमन कार्यालयबाट प्राप्त तथ्यांकअनुसार सन् २०२३ मा मात्रै स्थायी रुपमै विदेशमा बसाई सरेर ७० हजार ९ सय १५ नेपाली गएका छन भने सन् २०२४ मा ६६ हजार ८ सय ३५ नेपाली सधैँ उतै बस्नेगरी गएका छन् । यसले ठूलो संख्यामा नेपाली देश नै छाडेर विदेशमा बसाई सरिरहेको देखाएको छ ।

नेपालीहरु विदेशमा रोजगारकै लागि गईदिँदा रेमिट्यान्स बढ्ने आशमा खुशी सरकारका लागि लाखौं मानिस देशै छोडेर जाँदा कम्तीमा आन्दोलन गर्ने एउटा समूह गएछ भनेर ढुक्क होला नै । तर यसले देशलाई नकारात्मक रुपमा कति हानिनोक्सानी गरेको छ भन्ने समिक्षा सरकारले गर्नै सक्दैन । नागरिकता त्यागेर विदेश बसाई सरेका परिवारको अरबौंको सम्पत्ति पनि त्योसँगै गएको छ । देशको प्रधानमन्त्रीले त देशमा सबै जनता समान सम्झिँदैन भने देश छोडेर जानेले आफ्नाहरुलाई तान्ने र देश छोड्नेको संख्या बढाउने प्रक्रिया त चलिनै रहेको छ ।

सन् २०२३ मा ९२ हजार ३ सय ४९ जना नेपाली अस्थायी रुपमा विदेशमा बस्नेगरी नेपालबाट अनुमति लिएर गएका छन भने सन् २०२४ मा मात्रै ६६ हजार ८३५ नेपाली अस्थायी रुपमा विदेशमा बस्नका लागि एयरपोर्ट प्रयोग गरेर नेपाल छाडेको अध्यागमन कार्यालयको तथ्यांकले देखाउँछ ।

पछिल्लो यो दुई वर्षमा रोजगारीको खोजीमा ठूलो संख्यामा विदेश गएको तिनै व्यक्तिहरु कामगर्दै जाँदा उचित लागेको अवस्थामा नागरिकता नै त्यागेर उतै बस्ने पनि गरेका छन् । सन् २०२३ र २०२४ मा १६ लाख ६४ हजार ८ सय ३७ नेपाली रोजगारका लागि विदेशिएका छन् । सन् २०२३ मा २ लाख ४ हजार ५ सय १८ नेपाली घुमफिरका लागि विदेश गएकोमा सन् २०२४ मा मात्रै २ लाख ७४ हजार ५ सय १८ नेपाली विभिन्न मुलुकमा घुमफिरका लागि भन्दै भिजिट भिषामा गएका छन् । जो भिजिट भिसामा गएका छन तिनीहरु २५ प्रतिशत पनि फर्कनेवाला छैनन् । तिनीहरुको दिनचर्या विदेश नै हो । यस कारणले सरकारले वैदेशिक रोजगार जाने र नागरिक छोड्नेप्रति बढी सम्वेदनशिल हुन जरुरी देखिन्छ । लाखौं नेपाली नागरिकता त्यागेर देश छोडिरहँदा नेपालमा राजनीति गर्ने यति धेरै दलहरुले कस्का लागि राजनीति गर्ने भन्ने यक्ष प्रश्न उब्जिएको छ । तिनीहरु देशैं छोडेर किन जान चाहान्छन । नेपालको समर्थ्यले भ्याउने खालका प्रवृत्ति र गतिविधि हुन भने रोक्न ल्याकत पनि सरकारको हुनु पर्दछ ।

तरङ्ग

# स्टालिनको कुखुरो र हामी



बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

स्वतन्त्र हिसाबले सोच्ने र नयाँ तथा सक्षम उम्मेदवारको खोजी गर्ने मतदाताको हिस्सा बढ्दै जानु पुराना पार्टीका लागि जति ठूलो चुनौति हो, नयाँ पार्टीका लागि यो त्यति नै ठूलो अवसर पनि ।

सोभियत संघमा मार्कसवादी परीक्षण असफल भएको अंतिम चरणतिर सोभियत उपन्यासकार चिन्गिज ऐतमातोभले 'क्यान म्यान लिभ विथआउट गड ?' (ईश्वरविना मान्छे बाँच्न सक्छ?) उपन्यासमा लेखेको एउटा मार्किक कथा छ, जसमा जोसेफ स्टालिनको कुखुराको कुरा छ । एक पटक आफ्ना कमरेडहरूलाई जनताको बारेमा एउटा पाठ सिकाउने बिचार गरेर स्टालिनले एउटा कुखुरो ल्याए । त्यसलाई एउटा हातमा राखेर अर्को हातले खुरूखुरू उसका प्वाँखहरू उखेल्न थाले । पिडाले त्यो कुखुरो भाग्न खोज्थ्यो, तर त्यो प्रयत्न निरर्थक थियो । कुखुरो पुरै नाङ्गो भइसकेपछि स्टालिनले भने, 'ल हेर्नुहोस ।' उनले कुखुरालाई भुईँमा राखे, र त्यसलाई चारो दिए । अचम्म के भयो भने, त्यो बिक्षिप्त, कुरूप, आतंकित र पिडित कुखुरो उनीतिरै आउन थाल्यो, उनैलाई पछ्याउन थाल्यो । स्टालिनले उनका कमरेडहरूलाई शान्त भएर भने, 'यसरी नै हो जनतालाई शासन गर्ने भनेको पनि । देख्नु भयो, मैले यसलाई यतिका अपमान र पीडा दिंदा पनि यो कुखुराले मलाई नै कसरी पछ्याइरहेको छ ? जनता भनेका यी कुखुरा जस्तै हुन् । यदि तपाईहरूले पनि जनतालाई यसरी नै अपांङ्ग र कमजोर बनाएर पनि खान दिनु भयो भने तिनीहरू जिन्दगीभर तपाईहरूलाई नै खान र बाँच्नको लागि तिनले पछ्याइरहनेछन् । तर प्वाँख उखेल्नु भएन भने तपाई संगै निहुँ खोजेर अन्तै लाग्नेछन् ।'

स्टालिनको यो कुरा अहिलेको नेपाललाई हेरेर बनाएका हुन कि जस्तो लाग्छ । अनि आज म यो रूपककथाको बिम्ब खोजिरहेको छु । र भेट्टाइरहेको छु यसको अर्थ हाम्रै आगनमा । दलहरूले जनताको नाममा दण्डहीनता, संस्थागत भ्रष्टाचार, बेथिति, नातावाद र कृपावाद, आँफू र आफ्नो दलको स्वार्थ मुलुकको स्वार्थ भन्दा माथि उठाएर कुखुरामाथि शासन गरिरहेका छन् ।

अनि 'आफ्नो' भोट अरू पार्टीले काटेको भन्दै चित्त दुखाउँदैछन् । किनभने जनताले आँफू कुखुरो बन्न नचाहेको छनक शहरीय जनताले स्वतन्त्रहरूलाई विश्वास गर्न थालिसकेका छन् ।

र अध्ययनले के पनि देखायो भने रास्वपाले पाएको मतमा अघिल्लोपटकको अघिल्ला निर्वाचनहरूमा कांग्रेसलाई भोट दिएका थिए । एमालेलाई मत दिएका थिए । माओवादीलाई मत दिएको थिए ।

त्यस्तै, स्वतन्त्र पार्टीलाई मत दिनेमध्ये करीव आधाले अघिल्लो चुनावमा कांग्रेसलाई मत दिएका थिए भने एक तिहाइले अघिल्लोपटक एमालेलाई भोट हालेका थिए भन्ने उक्त अध्ययनले देखाएको छ ।

निशन्देह, पार्टी संगठन शून्य रहेका यी दुई पार्टीका उम्मेद्वार दुई साताभित्रमा मतदाताका टोलटोल र घरदैलोमा पुगिसक्दा उनीहरूको स्वीकार्यता त्यति धेरै बढेको देखियो । जति जति सार्वजनिक बहसहरू भए, त्यति नै यी पार्टीहरूप्रति आकर्षण बढदै गयो, विशेषगरी रवि लामिछानेप्रति । मतदातासँग आमनेसामने भेट नभए पनि सामाजिक सञ्जाल र विद्युतीय सञ्चार माध्यमले यी सबै उम्मेदवारलाई मतदातासम्म लैजान ठूलो भूमिका खेले । विशेषगरी फेसबुकमा देखेर 'नोटिस' गर्ने र भोट उनैलाई दिन्छु भन्ने मतदाताको संख्या ठूलो थियो । लाइक र कमेण्टको खोलो थियो ।

'ठूला' पार्टीहरूलाई खतराको घण्टी बज्न थालिसकेको छ । आगामी निर्वाचनमा नयाँ पार्टी मिलेर लडे भने विकल्प खोजिरहेका मतदातालाई अब यी विकल्पका सम्भावना हुन् भन्ने थाहा भइसकेको अवस्थामा यिनको जनाधार बढन सक्छ । यी भविष्यमा एक भए वा तालमेल गरे भने त्यसले स्वतन्त्र मतदातामा सुरूमै उत्साह ल्याउने छ । उनीहरूले राम्रो उम्मेद्वार उठाए भने हिजो कांग्रस कम्युनिष्टहरूलाई भोट हालेका धेरै मानिसले त्यस्तो उम्मेद्वारलाई भोट हाल्न सक्छन् ।

के देखियो भने पुराना पार्टीहरूप्रतिको असीमित 'लोयल्टी' बाट मतदाताको ठूलो हिस्साले छुट्कारा लिँदैछ । उनीहरूका लागि अब पार्टीको मूल्य मान्यताको सुगा रटाइको मात्र पनि कुनै अर्थ रहेन । उनीहरूका लागि कुनै पार्टीले 'डेलिभरी' गर्छ र गर्दैन, सुशासन दिन्छ र दिन्न भन्ने महत्वपूर्ण मुद्दा हो । प्रजातन्त्रको मसिहा बनेर बसेको नेपाली कांग्रसको आजसम्म कुनै बिकल्प थिएन । जितेका ठाउँमा त छोडौं, अरूले जितेको ठाउँमा कांग्रेस निर्विकल्प दोश्रो स्थानमा रहिरहनु यसको उदारण हो । र अव प्रजातन्त्रको विकल्प (किनभने प्रजातन्त्र भनेको सुसासन हो, अराजकता होइन) लिएर नेपाली राजनीतिको बजारमा आइसके ।

स्वतन्त्र हिसाबले सोच्ने र नयाँ तथा सक्षम उम्मेदवारको खोजी गर्ने मतदाताको हिस्सा बढ्दै जानु पुराना पार्टीका लागि जति ठूलो चुनौति हो । र नयाँ पार्टीका लागि यो त्यति नै ठूलो अवसर भएको छ । पहिलोपटक काठमाडौं उपत्यकामा मात्र होइन, देशभरका मतदाताले यी नयाँ पार्टीको नाम सुनेका छन्, तिनको सम्भावना देखेका छन् जुन् उनीहरूका लागि महत्वपूर्ण पुँजी हो । मतदाताका ढोकामा पुग्ने र वडा तहमा संगठन निर्माण गर्न सके भने नयाँ पार्टीले सुध्रिन सक्ने र पुराना पार्टीलाई आउने दिनमा कडा चुनौती दिन सक्नेछन् । संगठन निर्माणको कठिन काममा पछि परे भने र निरन्तर रूपमा विश्वासिलो हिसाबले मुद्दाहरू उठाउन चुके भने नयाँ पार्टीहरु बालुवामा लेखेको नामजस्तै हुनेछन्, हावाको एक झोंकाले उनीहरूको नाम मेट्ने तागत राख्नेछ । ती साउनमा आउने खहरे मात्र हुनेछन् । यी नयाँ दलहरू के हुन्छन् भन्ने कुरा पुराना ठूला लदहरूको निरंकुशता र जनतालाई स्टालिनको कुखुरो बनाउने चरित्र सदाका लागि अन्त्य हुन्छ वा हुँदैन भन्ने कुरासंग जोडिएको छ । दल सानै भए पनि जनताका दैनन्दिनीहरूलाई छातिमा रोखेर हिंडने नेताहरू आज जनताका आवश्यक पात्र हुन् । ठूला पार्टीको अहंताले भरिएका मञ्चासीन कथित महानहरूलाई विस्थापित गर्ने साना दलका जनताका सहचारीहरू जनताका जायज आवश्यकता हुन् । कम्तिमा तिनले जनतालाई स्टालिनको कुखुरो बनाउने सोच राख्दैनन् ।

आज हामी पूर्णरूपेण स्टालिनको कुखुरो भएका छौं । हाम्रै बिजुली काटिन्छ र बारबार अबरोध हुन्छ काममा र पनि हाँसेर महसुल तिरिरहेका छौं । बाटा खराब बनाएर हाम्रा सवारी साधनहरु सखाप भएर पनि मोटो कर तिरिरहेछौं । औषधी नपाएर मर्नेहरु पनि कर तिरिरहेका छौं । पढ्न क्याम्पस भनेर कयाम्पस गएको छोरो महान ढाँट नेता बनेर आउँदा पनि मुस्कराएकै छौं । भ्रष्टाचारका दिनदिनै महाभारत बन्दा पनि ताली बजाएर तिनले हिंडेको, बोलेको, माछा तारेको, ढ्यांग्रो ठोकेकोमा सगौरव ताली पड्काएर स्वागत गरिरहेका छौं । जति हाम्रा सन्तती पलायन हुँदा पनि भोट तिनैलाई दिइराखेका छौं । जति गाली गरेर जति असभ्य यबोलेर हामीलाई थुके पनि हामी रमाइरहेकै छौं ।

अनि हामी स्टालिनको कुखुरो नभएर अरु के हुन सकिएला त ?हामीलाई सर्वत्र खुइल्याउँदा पनि हामी तिनैलाई प्रेम गर्छौं । तिनैलाई बोकेर खालो ताछौं । तिनैको जुठापुरो खान पाउँदा गौंरान्वित हुन्छौं । अनि तिनैलाई सोध्छौं, हजुरको कुकुरलाई सञ्चै छ ?

यो प्रश्न सोधेका दिन प्रश्नकर्ताको छोराको दुर्घटनामा परि एक दिन अघि मृत्यु भएको थियो । जय जनता । दमक

## चौतर्फी आलोचनापछि घरजग्गा कारोबारमा फेरी खुकुलोपन



**काठमाडौं/** सरकारले हालै घरजग्गा कारोबारमा गरेको कडाई आलोचित बनेपछि सच्याएको छ । चौतर्फी दवावपछि अनिवार्य बैंक स्टेटमेन्ट तथा भूक्तानी विवरणको नीति हटाइएको हो । भूमि व्यवस्था तथा अभिलेख विभागले जेठ १३ गते १४ बुँदे निर्देशन जारी गर्दै घर-जग्गाको कारबारलाई बैंकिङ प्रणालीभित्र ल्याउने कडा नियम जारी गरेको थियो। सोही नियमको ३ र ४ दफा टाइएको छ भने ५ नम्बर बुँदामा शंसोधन गरिएको छ। जसमा बैंकिङ कारोबारमा कडाइ गरिएको थियो ।

नेपालमा आतंकवादी तथा गैरकानुनी लगानीलाई निरूत्साहित गर्ने उद्देश्यले जारी भएको सम्पति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को प्रावधानलाई कार्यान्वयनमा ल्याउन भनी घर-जग्गा कारोबारमाथि थप कडाइ गरिएको थियो ।

विभागबाट जारी भएको निर्देशनअनुसार घर जग्गाको कारोबार सूचीकृत कम्पनीबाट मात्रै व्यस्था गरिएको थियो। कारोबार गर्दा सम्पूर्ण आर्थिक करोबारलाई बैंकिङ प्रणालीभित्र देखिने गरी विद्युतीय वा चेकमार्फत गर्नुपर्ने व्यवस्था गरिएको थियो । त्यस नियमअनुसार अब घरजग्गा कारोबारमा किन्ने र बेच्ने दुवैले बैंकखाताबाट मात्रै कारोबार गर्ने थियो। जग्गा पास गर्दा केवाइसी फारम समावेश गर्नुपर्ने, खरिदकर्ताको बैंक खाताबाट बिक्रीकर्ताको बैंक खातामा रकम जम्मा भएको बैंक स्टेटमेन्ट लिखतसँगै अनिवार्य पेश गर्नुपर्ने व्यवस्था गरिएको थियो ।

अब भने उक्त नियम संशोधन गरिएको छ । जसमा पाँचदेखि दश लाखसम्म घरजग्गाको खरिद-बिक्री कारोबारमा जुनसुकै प्रकारको भुक्तानी बैंकिङ उपकरण मार्फत गरी सोको प्रमाण र पाँच लाख रूपैयाभन्दा माथिको घरजग्गा खरिद गर्दा क्रेताले बैंकबाट भुक्तानीका लागि गुड फर पेमेन्ट चेक वा बैंक ग्यारेन्टी वा ई-पेमेन्ट वा राष्ट्र बैंकको निर्देशिका बमोजिम तोकिएका भुक्तानीका अन्य माध्ययमबाट भुक्तानीको प्रमाण वा बिक्रेताको नाम रहेको बैंक खातामा नगद रकम जम्मा गरेको बैंक भौचरको फोटोकपीमा खदिद र बिक्रीकर्ता दुवैले प्रमाणित गरी पेश गर्नुपर्नेछ भनी उल्लेख गरिएको छ ।

# नेपाललाई माया गर्ने जापानीहरु



सुलोचना

हामीकहाँ त्योबेला भर्खरै मात्र ०४६ सालको आन्दोलन सफल भएर बहुदल आएको थियो। अब त नेपालले पनि प्रगति गर्न सक्छ होला भन्ने ठुलो आशा लिएर सरोज नेपाल फर्केका थिए । सरोज र छोरीलाई हरेक क्षण जस्तै सम्झिरहन्थैं।

साइतामाको गाउँबाट विशाल टोकियोको भीडभाडमा फर्किएँ, एक्लै रेल चढेर । अब एक्लै हिंड्ने अभ्यास पनि गराउन थालेका थिए साथीहरूले । यसरी एक्लै यात्रा गर्दाको अनुभव बेग्लै हुने नै भयो । टोकियोमा सुसुमु आओकीको डेरा थियो । घर त अर्कै सहरमा रहेछ । एकदमै व्यस्त मान्छे, अरु जापानीभन्दा पनि । डेरामा प्रायः म एक्लै नै हुन्थैं । भान्सामा खानेकुरा जे छ, त्यही खान्थैं । कहिलेकाहीँ बुझेपनि, नबुझेपनि एक्लै टिभी हेरेर पनि बसैं ।

एकदिन टोकियोकै सोफिया युनिभर्सिटीको एउटा हलमा नेपालबारे एउटा कार्यक्रम रहेछ । सुसुमुले मलाई पनि लिएर गए । नेपालबारे चासो राख्ने अरु बुद्धिजीवीहरूसँग भेटाउन खोजेका रहेछन् । म पनि उत्साहित भएर उनको पछि लागैं ।

नेपालका पुरातत्वविद् डा. साफल्य अमात्यको प्रस्तुति रहेछ– त्यो दिन । उहाँकी श्रीमती र अन्य केही नेपालीहरूलाई पनि भेट्न पाएँ । नेपालबारे कुरा सुन्न चाहने र नेपाललाई माया गर्नेहरूको भीड देखेर म छक्क परैं ।

कति धेरै जापानीहरु भेला भएका ! हल हाउसफूल थियो । अरू बेला प्रायः व्यस्त रहने जापानीहरु त्यो दिन त्यसरी भेला भएको देखेर मेरो मन पनि प्रसन्न भयो । सुसुमुले धेरै मान्छेहरूसँग परिचय गराइदिए– नेपालबाट आएको लेखक भनेर । हो त्यही बेला पहिलो पटक नेपालविज्ञ प्रोफेसर हिरोशी इशीसँग मेरो परिचय भएको थियो ।

छुट्टै भेट्नका लागि समय पनि मिलाइदिएका थिए– सुसुमुले । प्रोफेसर हिरोशीले पनि मेरा लेखहरु पढेका रहेछन् र मेरो जापान यात्राको निम्ति सहयोग गर्नसमेत भ्याइसकेका रहेछन् ।

नेपालबाटै आएकाहरु पनि खुसी देखिए मेरो त्यहाँको उपस्थिति र चिनजानले । कतिपय जापानीहरूले त मेरो लेख पनि पढेका रहेछन् । सुसुमु कति असल साथी ! कुनै कुरामा कन्जुस्याइँ देख्दिन थिएँ । उदारता मात्र होइन, बौद्धिकतामा पनि उनी अब्बल थिए ।

व्यक्तिगत रूपमा कलेजदेखि नै चिनजान भएपनि, उनको व्यवहारले प्रभावित भएपनि, जापानमा उनको हैसियतबारे थाहा थिएन । त्यो भेलामा उनको सम्बन्धको सञ्जाल देख्दा अझै खुसी लाग्यो । त्योभन्दा अझै बढी खुसी त नेपाललाई मन पराउने धेरै जापानीहरु देख्दा लाग्यो ।

त्यही अवसरमा बाल्यकालमा सँगै सुकुलमा बसेर पढेका एकजना नेपाली सहपाठी माधवलाई पनि देख्दा अचम्म लाग्यो । उनी उतै बस्ने क्रममा, नेपाली कम, जापानी बढी भैसकेका रहेछन् । तर चिनेको मात्र नभई नाम पनि सम्झिरहेका रहेछन् । त्यो देखेर पनि खुसी लागेको थियो ।

त्यो कार्यक्रमबाट फर्केपछि फेरि एकपल्ट टोकियो घुमाए सुसुमुले मलाई । अझै पनि सबै कुरा नौलै थिए मेरा निम्ति । कोठामा पुगेपछि हामी पढेको युनिभर्सिटीका अरु सहपाठीहरूको पनि लिस्ट देखाए । कुन दिन कहाँ बस्ने ? को को सँग कहाँ कहाँ जाने ? स्पष्ट योजना देख्दा म अचम्मै भएँ ! कति मिहिन काम गरेका साथीहरूले ! त्यतिबेलासम्म जापानमा पनि मोबाइल फोन आइसकेको थिएन ।

तर निकट भविष्यमा हुने विज्ञानको चमत्कारका बारेमा जापानी साथीहरु सचेत थिए । उनीहरूका कुरा सुन्दा अचम्म लाग्थ्यो मलाई । हुन त त्यो बेला नै बैंक जाँदा पैसा निकाल्न मान्छे नचाहिने, सबै मेसिनको सहयोगले हुने भइसकेको थियो ।

"भविष्यमा एउटा सानो चिप्समा सिंगो पुस्तकालय अट्न सक्छ" जस्ता कुरा साथीहरु सुनाउँथे । मैले थाहा पाउनुपर्ने कुरा कति बाँकी नै रहेछन्, उनीहरूको ज्ञान र भौतिक संरचनाहरु देख्दा आˆनो देश त्यहाँ पुग्ला भन्ने प्रश्न मनमा आइरहने नै भयो । मान्छेले नै गरेका कामहरु थिए ती सबै ।

हामीकहाँ त्यो बेला भर्खरै मात्र ०४६ सालको आन्दोलन सफल भएर बहुदल आएको थियो । अब त नेपालले पनि प्रगति गर्न सक्छ होला भन्ने ठुलो आशा लिएर सरोज नेपाल फर्केका थिए । सरोज र छोरीलाई हरेक क्षण जस्तै सम्झिरहन्थैं । अहिले जस्तो फोनमा कुरा गर्न पनि कहाँ सजिलो थियो र ! साथीहरूको घरबाट फोन गर्दा धैरै पैसा लाग्ने भएकोले फोन गर्छु भन्न लाज लाग्थ्यो । तैपनि साथीहरूले नै जानेर फोन गर्न दिन्थे ।

फोन गरेका बेला सरोजको उत्साह अनुभूत गर्थैं । उनका सपना र योजना सुन्दा पनि खुसी लागेको थियो । नयाँ काम गर्ने सम्भावना मात्र होइन कि सिंगो नेपालले नै उनलाई पर्खेको जस्तो अनुभूत गरेकी थिएँ ।

उनका कुरा सुन्दा म निकै भावुक भएकी थिएँ । नयाँ अस्पताल बनाउने सम्भावना र साथीहरूसँग त्यसैबारे कुराकानी भइरहेको कुरा फोनमा सुन्दा कसरी त्यो योजनालाई सफल बनाउने भनी जापानी साथीहरूसँग पनि कुराकानी गर्ने अवसर पाएँ ।

"छोरीको पनि घरमा बानी परिसक्यो" भनेर सरोजले भन्दा एक किसिमको आनन्द लागेको थियो । भगवानलाई कहिल्यै नदेखेपनि मनमनै कृतज्ञ भैरहैं । सकारात्मक भाव र सकारात्मक वातावरणमा मान्छेको सोच पनि भिन्दै हुँदोरहेछ ।

अर्को दिन एमीले मलाई टोकियो घुमाउने र उनकै घरमा दुई दिन पाहुनाको रूपमा राख्ने योजना रहेछ । उनको घरसम्म पनि सुसुमुले नै लगिदिए । जब एमीसँग भेट भयो, सुसुमु एकछिन पनि त्यहाँ नबसी फर्किहाले । समय नहुनु एउटा कुरा थियो । त्योबाहेक, नबोलाई साथी नै भए पनि अरूको घरमा नजाने चलन रहेछ जापानमा ।

टोकियोको मूल सडकमा घर । हाम्रो न्यूरोडको सम्झना आयो । टोकियोको जग्गा धेरै महङ्गो भनेर सुनेकी थिएँ । त्यति महङ्गो ठाउँमा पनि साथीको त्यति ठूलो घर रहेछ । स्नानगृहको 'ओफुरो'को पानीमा फूलहरु राखेर पाहुनालाई सबभन्दा पहिले नुहाउने अवसर दिंदा रहेछन् । अनि मिष्ठान्न भोजनसँगै टेबलमा भव्य र न्यानो सत्कार !

भोलिपल्ट टोकियोको नयाँ पुराना ठाउँमा घुमाउन लगिन् एमीले । महङ्गा ठाउँहरूमा पनि आफैले पैसा खर्च गरिन् । धेरै ठाउँको त नाम नै बिर्सिसकैं ! टोकियो टावर घुम्दाको सम्झना भने ताजै छ अझै ।

एमीले भनेकी थिइन् पेरिसको आइफल टावरभन्दा अग्लो छ भनेर । म त्योबेलासम्म फ्रान्स पुगेकी थिइनँ । शाङ्हाई कै टावर पनि बनिसकेको थिएन । मेरो जीवनमै चढेको सबभन्दा अग्लो टावर थियो– टोकियो टावर । त्यतिबेला नै पहिलो पटक मैनले बनेका विभिन्न प्रख्यात व्यक्तिका मुर्तीहरू देखेकी थिएँ । त्योबेला मोनालिसासंग खिचेको फोटो अहिलेसम्म पनि छ मसँग ।

एमीले टोकियोको सुमिदागावा खोलातिर घुमाउँदै थाइ रेष्टुराँमा लगिन् । लन्च खाँदै गरेका आत्मीय कुराकानी कहाँ बिर्सन सक्छु र ! म एक नेपाली । नेपाललाई मन पराउने चिनेका/नचिनेका जापानी मित्रहरु प्रति साँच्चै नै कृतज्ञ छु । – दृष्टिबाट

सूचना प्रविधि

# सूचना प्रविधि र एआईको प्रयोग

डा. शैलेन्द्र गिरी




जिल्ला प्राकृतिक सौन्दर्य, जलसम्पदा, पर्यापर्यटन, पर्यटकीय स्थल, खनिज, जडीबुटी र पवित्र तीर्थस्थल स्वर्गद्वारीका नामले परिचित छ । यो जिल्ला सांस्कृतिक सम्पदा, कृषि उत्पादन, रैथाने बालीका साथै परम्परागत खेतीलगायत विभिन्न जातजाति भाषा धर्मले पनि पूर्ण छ । लुम्बिनी प्रदेशमा अवस्थित गौतम बुद्धको जन्मस्थल लुम्बिनी, सुपादेउरालीबाट नजिकै रहेको प्युठान जिल्ला इतिहासप्रेमी, प्रकृतिप्रेमी, कला संस्कृतिमा रुचि राख्न खोज्ने खोजकर्ताका लागि विशाल अध्ययनको क्षेत्र पनि हो । प्राकृतिक सुन्दरताका लागि स्विट्जरल्यान्डको झल्को दिने प्युठान जिल्ला राजनीतिक चेतना विकासका हिसाबले नेपालमै अग्रपङ्क्तिमा आउँछ । रोल्पा, दाङ, अर्घाखाँची, गुल्मी र बागलुङसँग सिमाना जोडिएको प्युठानमा, मटितेल, डिजेल, पेट्रोल, फलाम, तामाको खानी रहेको भूगर्वविद् बताउँछन् । माडी र झिमरुक नदीबाट धेरै स्थानमा विद्युत् निकाल्न सकिने विभिन्न अध्ययनले देखाएको छ । झिमरुक जलविद्युत् परियोजना यसै जिल्लामा पर्छ । नेपाल अधिराज्यमा लोडसेडिङमुक्त जिल्ला प्युठान मात्र हो तर व्यवस्थापकीय कमजोरीका कारण पटक पटक लोडसेडिङ बेहोर्नु जिल्लाबासीको नियति नै भएको छ ।

प्युठान जिल्लाको सूचना प्रविधिको वर्तमान अवस्थालाई हेर्ने हो भने एफएम रेडियो, टेलिभिजन, मोबाइल, दैनिक एवं साप्ताहिक पत्रिका, कम्प्युटर प्रशिक्षण केन्द्रबाट प्रदान गरिने इमेल, इन्टरनेट सेवा सञ्चालनमा छन् । ढाँडा, मच्छी, खलङ्ग, विजुवार, भिङ्गमा निजी क्षेत्रबाट सञ्चालित कम्प्युटर प्रशिक्षण केन्द्र रहेका छन् । कम्प्युटरसम्बन्धी पार्टपुर्जा साथै मर्मतका लागि जिल्लाबाहिर जानु पर्दैन । जनतामा विबाग्दुलामा १८ महिने टिएसएलसी तहको जुनियर कम्प्युटर टेक्निसियन कार्यक्रम विगत केही वर्षदेखि सञ्चालनमा रहेको छ । मोतीमावि बरौला र नयाँगाउँ माविमा कक्षा ९-१२ कम्प्युटर विज्ञान सञ्चालनमा रहेको छ । सामुदायिक र प्राइभेट स्कुलहरूमा कम्प्युटर शिक्षा पढाइ हुने गरेकाले यसको विकास र विस्तारमा विद्यार्थी, शिक्षक, अभिभावक, आमसरोकारवाला र स्थानीय तहको ध्यान जान जरुरी छ । धेरै सामुदायिक विद्यालयमा इन्टरनेट पहुँच पुगेको अवस्था छ तर शिक्षण सिकाइमा यसको प्रयोग निकै न्यून छ । प्युठान जिल्लामा सूचना प्रविधिको अवस्था नेपालका अन्य ग्रामीण क्षेत्र जस्तै चुनौतीपूर्ण छ । यहाँका प्रमुख चुनौतीमा इन्टरनेट पहुँचको कमी, इन्टरनेट सेवाप्रदायक संस्थाको मानोपोली, कमजोर डिजिटल पूर्वाधार, र सूचना प्रविधिसम्बन्धी जनशक्तिको अभाव, प्राइभेट सेक्टरलाई विश्वासमा लिन नसक्नु रहेका छन् ।

आर्टिफिसियल इन्टेलिजेन्स (एआई) ले विश्वमा तहल्का मच्चाइरहँदा यस जिल्लामा सूचना प्रविधि र शिक्षासम्बन्धी विषयमा सेमिनार, गोष्ठी, सम्मेलन, अन्तर्क्रिया, कार्यशाला अत्यन्त न्यून मात्रामा आयोजना गरिएका छन् । हालसम्म सूचना प्रविधिसम्बन्धी विकासको पूर्वाधार तयार भएको अवस्था छैन । सूचना प्रविधिको प्रयोगसम्बन्धी राम्रो व्यवस्थापन हुन नसक्दा विद्यार्थी, शिक्षक, किसान, व्यापारी, डाक्टर, वकिललगायत आमजनसमुदाय सूचनाको पहुँचबाट टाढा रहनुका साथै सार्वजनिक सेवाप्रवाहले नागरिक स्तरमा उत्साह र विश्वास जगाउन सकेको छैन ।

**सञ्चालन गर्न सकिने सूचना प्रविधिका केही मोडेल**

**टेलिसेन्टर :** टेलिसेन्टरको स्थापना गरी यसको मद्दतले आमनागरिकलाई सहजै सूचनाको पहुँचसम्म पुऱ्याउन सकिन्छ । इमेल, इन्टरनेटलगायत, फोटोकपी फ्याक्सलाई सँगै राखी सार्वजनिक विद्युतीय सेवा पनि प्रदान गर्न सकिन्छ । भिडियो कन्फरेन्सको माध्यमबाट बेरोजगार युवालाई विभिन्न विषयका सिपमूलक प्रशिक्षण सञ्चालन गर्न सकिन्छ । यो थोरै लागतमा सबै स्थानीय तहमा स्थापना गर्न सम्भव छ । क्रमश:

स्वास्थ्य



# एसी र कूलरको प्रयोग सुख्खा र निर्जीव छालामा असर

**काठमाडौं/** गर्मी मौसममा एसी र कूलरको मद्दतले राहत दिन्छ । तर के तपाईँलाई थाहा छ कि लगातार एसीमा बस्दा तपाईँको स्वास्थ्य र छालामा कस्तो असर पर्छ ? गर्मीको बढ्दो कठोरताले मानिसहरूलाई हैरान पार्छ र यसका कारण घर, कार्यालय, मेट्रोजस्ता स्थानमा एसीको प्रयोग बढी हुन्छ । एसी र कूलरको चिसो हावाले चर्को गर्मीबाट राहत दिन्छ, तर यो हावा तपाईँको छालाको लागि हानिकारक पनि हुन सक्छ । गर्मीको समयमा शरीरमा पानीको कमी हुँदा एसीको हावाले तपाईँको छालाको ओसिलोपन घटाउँछ । यसले छालालाई सुख्खा, निर्जीव र म्याट बनाउँछ । यसले छालाको चमक पनि कम गर्न सक्छ ।

**एलर्जी र जलन** : एसीबाट आउने सुख्खा हावाले छालामा एलर्जी र जलन जस्ता समस्याहरु निम्त्याउन सक्छ । लामो समयसम्म एसीको हावा सास फेर्दा छालामा एक्जिमा, सोरायसिस जस्ता समस्याहरु बढ्न सक्छ ।

**आँखामा सुख्खापन** : छालासँगै, एसीको हावाले आँखामा पनि सुख्खापन ल्याउन सक्छ । यसले आँखामा चिलाउने, रातो हुने र सुन्निने समस्या बढाउन सक्छ ।

**छाला र आँखाका समस्याबाट कसरी बच्ने ?**

**हाइड्रेटेड राख्नुहोस् :**

चम्किलो र हाइड्रेटेड छाला राख्नको लागि, मिस्ट वा टोनर प्रयोग गर्नुहोस् । विशेषगरी गुलाबजल र ग्लिसरीन भएको स्प्रे तपाईँको छालालाई सुख्खा हुनबाट बचाउँछ ।

बडी लोशन लगाउनुहोस् अनुहारसँगै हात, खुट्टा, र घाँटीमा पनि बडी लोशन लगाउनुहोस् । यसले छालाको ओसिलोपनलाई कायम राख्न मद्दत पुऱ्याउँछ ।

**एसीको प्रयोगमा सावधानी**

दिनभरि लगातार एसी चलाउनुको सट्टा, आवश्यकता अनुसार मात्र एसी र कूलर प्रयोग गर्नुहोस् । यसले तपाईँको छाला र शरीरलाई स्वस्थ राख्न मद्दत गर्नेछ । चिसो हावा आरामको स्रोत भए पनि, यसको अत्यधिक प्रयोगले स्वास्थ्य र छालामा नकारात्मक प्रभाव पार्न सक्छ । त्यसैले एसी र कूलरको प्रयोगमा सन्तुलन राख्नु अत्यन्त महत्वपूर्ण छ ।

# नेपालमा पहिलो पटक लिंग परिवर्तनको शल्यक्रिया



**काठमाडौं/** नेपालमा पहिलोपटक ट्रान्सजेन्डर व्यक्तिको लिंग परिवर्तन शल्यक्रिया (सेक्स चेन्ज अपरेसन) गरिएको छ । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालले विज्ञप्ति जारी गर्दै नेपालमै पहिलोचोटि सेक्स चेन्ज (मेल टु फिमेल) अपरेसन सम्पन्न गरिएको जानकारी दिएको हो । अस्पतालले जनकपुर निवासी २५ वर्षिया ट्रान्सजेन्डरमा गरिएको यस सेक्स चेन्ज अपरेसनमा पुरुषको लिंगको तन्तुहरूलाई चाहिने मात्रामा उपयोग गरेर महिलाको जैनेन्द्रीय अंगको पुनर्निर्माण गरिएको जानकारी दिएको छ । र यसले सो व्यक्तिलाई आफूले चाहेको लैंगिक पहिचान प्राप्त गर्न सहयोग गर्ने अपेक्षा गरिएको अस्पतालका प्रवक्ता सह प्रा.डा गोपाल सेढाईले विज्ञप्तिमा उल्लेख गरेका छन् ।

शिक्षण अस्पतालका अनुसार अस्पतालको प्लास्टिक सर्जरी विभागले यही जेठ १२ देखि १५ गतेसम्म ट्रान्सजेन्डर समुदायका लागि विभिन्न प्रकारका सर्जरी गरेको थियो । त्यसै क्रममा देशमै पहिलोपटक ट्रान्सजेन्डर व्यक्तिको सेक्स चेन्ज अपरेसन पनि सफल भएको हो । यसअघि नेपालका ट्रान्सजेन्डर व्यक्तिहरु लिंग परिवर्तन गर्न विदेश जानुपर्ने र धेरै खर्च गर्नपुर्ने बाध्यता थियो । तर, अब भने नेपालमै यो सुविधा रहेकाले ट्रान्सजेन्डर समुदायका व्यक्तिहरुले राहत पाउने अनुमान गरिएको छ ।

# भोजपुरको बाक्चाखामा पदमार्ग निर्माण



**भोजपुर/** यहाँको दक्षिणी क्षेत्रमा अवस्थित रामप्रसादराई गाउँपालिका-८ खोक्सिकको वाक्चाखामा 'जाल्पादेवी गुराँस पदमार्ग' निर्माण गरिएको छ । यहाँ धार्मिक तथा पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने लक्ष्यले पदमार्ग निर्माण थालिएको हो ।

रामप्रसादराई-८ का वडाध्यक्ष बाचकुमार राईका अनुसार यस क्षेत्रको संरक्षण तथा विकास गर्दै पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने उद्देश्यले रु सात लाख लागतमा करिब आठ सय मिटर पदमार्ग निर्माण गरिएको हो । यहाँ वडा र नेपाल जलवायु अनुकूलन कार्यक्रमको बजेटबाट पदमार्ग निर्माणको थालनी गरिएको छ । यो स्थानलाई यहाँको मुख्य पर्यटकीय गन्तव्य बनाउने योजनाका साथ काम भइरहेको छ । यो क्षेत्र प्राकृतिक हिसाब निकै सुन्दर भएकाले यो क्षेत्रलाई मुख्य पर्यटकीय गन्तव्य बनाउने हाम्रो लक्ष्य छ ।

यो पदमार्गलाई विस्तार गरेर आमचोक गाउँपालिकामा रहेको ग्रेट मुन्दुम पदमार्गसम्म पुरयाउने लक्ष्य रहेको अध्यक्ष राईले बताए । पदमार्ग निर्माणको काम दुई खण्डमा भइरहेको छ । दोस्रो खण्डअन्तर्गत भन्याङ शङ्खेश्वरीमा पनि पदमार्ग निर्माण गरिएको छ । शङ्खेश्वरीमा निर्माण भइरहेको पदमार्गलाई पनि भावी दिनमा यो पदमार्गसँग जोड्ने सोच रहेको उनको भनाइ छ ।

यहाँ पदमार्ग निर्माणले आन्तरिक तथा बाह्य पर्यटकको आवगमन बढ्ने स्थानीयवासी दिककुमार जोगीले बताए । यो क्षेत्रमा गुराँस राम्रो फुल्ने भएकाले आन्तरिक पर्यटक आउने उनको भनाइ छ । यो पदमार्गको आसपासमा धेरै नै गुराँस पाइने उनले बताए । "यो धार्मिक तथा पर्यटकीय क्षेत्रको संरक्षण हुनसकेको थिएन, अहिले पदमार्ग निर्माणको थालनीपछि यहाँ आउने पर्यटकको संख्या बढ्दै गएको छ । यसले यहाँको विकासमा टेवा पुग्ने आशा लिएका छौँ", उनले भने ।

वडाले यहाँको पर्यटकीय क्षेत्रको विकासका लागि थालेको काम राम्रो रहेको स्थानीयवासी महेन्द्र राईले बताए । यस क्षेत्रमा रहेको गुराँस संरक्षणको काम गरिरहेको उनको भनाइ छ । "यो पदमार्गको मुख्य आकर्षण गुराँस हो, हामीले यहाँको गुराँस संरक्षण गरिरहेका छौँ । यहाँबाट विभिन्न हिमशृङ्खलाको एकसाथ अवलोकन गर्न सकिन्छ", उनले भने

# हिमाल आरोहणकै क्रममा बिलाएका बाबु छिरी शेर्पा

**दमक/**६ जना छोरीका पिता नेपालका राष्ट्रिय हिमाल आरोहण नायक शेर्पा बाबु छिरीले ३६ वर्षको उमेरमै सगरमाथा १० पटक सफलतापूर्वक चढेका थिए । आरोहणमा उनका १० सफल आरोहणमध्ये दुई पटक उनले तिब्बती पक्षबाट पनि आरोहण गरेका थिए। सन् १९९९ मे ६ मा उनले बिना अक्सिजन २१ घण्टा सगरमाथाको शिखरमा टेन्ट गाडेर बसेर गिनिज बुक अफ वर्ल्ड रेकर्डमा कीर्तिमान कायम गरे- जुन साहसिक कीर्तिमान आजसम्म पनि कसैले तोड्न सकेको छैन । सगरमाथाको शिखरमा २१ घण्टा बिताउने एकमात्र शेर्पा हुन् ।

यो सगरमाथा आरोहण इतिहासमा एउटा महान् उपलब्धि हो जुन अहिलेसम्म कायम छ। धेरै आरोहीहरू ३० मिनेटभन्दा कम समय मात्रै शिखरमा बिताउँछन्, तर बाबु छिरीले त्यो रातभर सक्रिय रहे–वाकी-टाकीमा कुराकानी गरे, गीत गाउँथे र निदाउन दिएनन्। डाक्टरहरूले भनेका थिए कि कम अक्सिजन भएका ठाउंमा निदाउनु घातक हुन्छ। २१ घण्टा एक्लै शिखरमा बसेर बाबुले सहनशक्ति र धैर्यताको अद्भुत रेकर्ड कायम गरे। त्यसपछि सन् २००० मे २१ मा १६ घण्टा ५६ मिनेटमा सगरमाथा चढ्दै विश्वकै सबैभन्दा छिटो आरोही बने ।

बाबु छिरी शेर्पा एक्लै अक्सिजन बिना तर, २००१ अप्रिल २९ मा, सगरमाथा अभियानको क्रममा बाबु छिरी करिब दिउँसो ४ बजे एक्लै तस्बिर खिच्दै गर्दा हराएका थिए। साँझ करिब ४ बजे नयाँ हिमपातपछि शान्त वातावरणमा हिमनदी तर्फ फोटो खिच्न गएका थिए र त्यो पछि फर्किएनन्। तस्विर खिच्ने क्रममा क्याम्प नजिकै हिमखण्डमा खस्दा उनी दुर्भाग्यवश ज्यान गुमाए। राति खोजी टोलीले हिउँले छोपेको एउटा साँघुरो, गहिरो हिमखण्ड फेला पारे। अर्जेन्टिनी आरोही विल्ली बेनेगासले ठूलो जोखिम लिएर डुबुल्की मार्दै बाबुको खुट्टा भेटे र मृत भएको थाहा पाए। बिहान उज्यालो हुँदा बेनेगासले अर्को शेर्पाको सहयोगमा दुई घण्टा काम गरेर बाबुको शव निकाल्न सफल भए । त्यसपछि करिब साठी शेर्पाले मिलेर शव बेस क्याम्पसम्म ल्याएका थिए । सन् १९९५ मा उनले दुई हप्तामा दुई पटक सगरमाथा आरोहण गर्ने पनि इतिहास रचेका थिए। बाबु छिरीको साहस र समर्पणले नेपाली हिमाल आरोहणमा अमिट छाप छोडेको छ र उनी आज पनि सगरमाथाको बादलमाथि चिरस्मरणीय छन् ।


रबर स्ट्याम्प बनाउने ठाउँ
बिजि स्टेशनरी एण्ड छापाखाना
दमक-६, मोबाइल लाईन ।
९८०१४१४५२६/९८४३०३४५२६

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा
समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि: दमक: ०२३-५८०५१४
जनक कार्की : ९८५२६७०१७४/९८०१४०१४४१
भगवान बस्नेत : ९८५२६७००३१
भट्टा सम्पर्क : ९८०१४१४०४२/९८०१४०१४०

Log on गर्नुहोस्, purbasandesh.com EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा दल सरसफाई
दमक : देवीप्रसाद सिटौला (९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड: राजकुमार श्रेष्ठ ९८०६०१०४१०


दैनिक राशिफल

आज मिति २०८२ साल जेठ २६ गते सोमबार 09 June. 2025 तिथि : त्रयोदशी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | विपरीतलीङ्गीबाट सहयोग । विशेष धन लाभ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मावलीबाट सहयोग । अरुदिनको भन्दा आज आयमा वृद्धि । |
| मिथुन | का कि कु घ ङ छ के को हा | सन्तानबाट सहयोग, पढाईमा रुचि । लगानी उठ्ने वा व्यापारबाट धन लाभ । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | पारिवारिक सदभाव बढ्ने । आज धन लाभका दिन । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | भाईबहिनीबाट सहयोग । पराक्रम बढ्ने, आम्दानी बढ्ने । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | धन जम्मा गर्ने दिन । उत्तम भोजन । |
| तुला | रा री रु रे रो ता ती तु ते | पश्चिम दिशाको कारोबारमा लाभ । मनमा शान्ति, धर्ममा रुचि । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | शुभकार्यमा रुचि । सामान्य मनमा अशान्ति । |
| धनु | य यो भा भी भ धा फा ढ भे | वैदेशिक कार्यबाट लाभ । कारोबारबाट धन लाभ । |
| मकर | भो जा जी खि खू खे खो गा गी | माता, पिताबाट सहयोग । कार्यमा सफलता । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | सामान्य लाभ । पूण्यकर्म गर्न मन लाग्ने । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | मनमा अशान्ति । व्यवसायबाट सामान्य लाभ । |

# स्वाइन फ्लुले असी बंगुर मरे, लम्पी स्किन पनि फेला

**मेचीनगर/** मेचीनगर नगरपालिकाको घरपालुवा पशुहरूमा 'अफ्रिकन स्वाइन फ्लू' र 'लम्पी स्किन'को सङ्क्रमण देखापरेको छ । मेचीनगरको वडा नं २, ३, ७, ८, ९ र १४ मा 'लम्पी स्किन' र वडा नं ६ को बङ्गुर फार्ममा 'अफ्रिकन स्वाइन फ्लू'को सङ्क्रमण पुष्टि भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अग्निप्रसाद अधिकारीले जानकारी गराए । "लम्पी स्किन र स्वाइन फ्लूको सङ्क्रमण पुष्टि भयो", उनले भने, "नगरको पशु सेवा शाखाबाट सङ्क्रमण नियन्त्रण र रोकथामका लागि आवश्यक परीक्षण, उपचार र सतर्कताका सात जना प्राविधिक कर्मचारी परिचालन गरिरहेका छौँ । कोशी प्रदेश र संघीय सरकारका निकायमा समेत आवश्यक सहयोग र समन्वयका लागि अनुरोध गरिसकेको उनले बताए ।"

पशु सेवा शाखाका प्राविधिक छत्र राईका अनुसार गाई र बाच्छीहरूमा 'लम्पी स्किन'को सङ्क्रमण देखिएपछि किसानको गोठमै पुगेर प्राविधिक टोलीले उपचार सुरु गरेको छ । गाईवस्तको जिउभरि घाउ खटिरा र ज्वरो आउने लक्षण रहेको जनाउँदै उनले किसानलाई गोठको सरसफाइका लागि फिनेल लगायतका सामग्री वितरण गरिएको बताए । सङ्क्रमित गाई र बाच्छीहरूलाई अलग्गै राखेर मल्हम लगाउने र पेनकिनर औषधि खुवाउने गरिएको उनले बताए ।

'लम्पी स्किन'ले थप जोखिम नहोस् भन्नाका लागि सङ्क्रमण फेलापरेको गोठको पाँच सय मिटर आसपासका किसानले पालेका डेढ सयभन्दा बढी गाईवस्तुमा पशु प्राविधिक टोलीले 'रिङ भ्याक्सिन' लगाउने गरेको छ । यो रोग लागेका पशुमा उच्च ज्वरो आउने, झोक्राउने, खाना अरुचि हुने र दूध कम दिने लक्षण देखापरेको राईले बताउनुभयो । यो रोग सङ्क्राकम भाइरसबाट फैलिने गर्दछ ।

यसैगरी मेचीनगर वडा नं ६ स्थित बबिता बङ्गुर फार्ममा 'अफ्रिकन स्वाइन फ्लू'का कारण ८० बङ्गुर मरेका छन् । पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा गरिएको परीषणबाट मरेका बङ्गुरमा 'अफ्रिकन स्वाइन फ्लू' पुष्टि भएको पशु सेवा शाखाका प्रमुख विक्रम गुरुङले बताए ।

"फार्ममा अचानक बंगुर मरेको खबर आएपछि त्यसको नमूना परीक्षणका लागि प्रयोगशालामा पठाइएको थियो", उनले भने, "प्रयोगशालाबाट आएको रिपोर्टमा 'अफ्रिकन स्वाइन फ्लू' पुष्टि भयो ।" फार्मकी सञ्चालक बबिता गहतराजले जेठभरिमा ८० वटा बंगुर भकाभक मर्दा ठूलो क्षति भएको बताए । नगरपालिकाको पशु सेवा शाखा प्रमुख गुरुङसहितको प्राविधिक टोलीले प्रभावित बङ्गुर फार्म र आसपासका क्षेत्रका रोग फैलिन नदिन औषधोपचार र सचेतनाका कार्यहरू गरिरहेको छ ।

## दुर्घटनामा सशस्त्र प्रहरीका सई राजवंशीको मृत्यु

**दमक/** मोरङ कानेपोखरी गाउँपालिका- ४ बयरवन घर भएका सशस्त्र प्रहरी नायव निरीक्षक पुरनलाल राजवंशीको दुर्घटनामा परी मृत्यु भएको छ । घर बिदाबाट काममा फर्किने क्रममा शनिबार साँझ कमल गाउँपालिका ३ सानो केर्खास्थित पूर्वपश्चिम लोकमार्गमा उनी चढेको प्र.१-०२-००५२प ७०२९ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना भएको थियो । उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड पुर्‍याएको केहीबेरमै उनी मृत घोषित भएका थिए ।

आफूहरुले एक कर्मशील र इमान्दार प्रहरी गुमाएको बीओपी समालबुङ पोष्टका प्रमुख सशस्त्र प्रहरी निरीक्षक सागर प्रधानले बताए । राजवंशीका श्रीमती पारो राजवंशी, एसईई दिएकी एक छोरी र कक्षा ९ मा अध्ययनरत एक छोरा रहेका छन् । आफ्नो घरपरिवार र समाजका लागि सँधै मरिमेट्ने व्यक्तिलाई गुमाउनु पर्दा अत्यन्त दुःख लागेको आफन्त सुवास राजवंशीले बताए । राजवंशी यसअघि माओवादी सशस्त्र द्वन्द्वमा मुश्किलले बाँचेका थिए । उनको शव प्रादेशिक अस्पताल भद्रपुरमा पोस्टमार्टम गरी अन्त्येष्टिका लागि घरतर्फ पुर्‍याएर अन्त्येष्ठी गरिएको पारिवारिक स्रोतले जनाएको छ ।

## दन्त चिकित्सकलाई तालिम

**बिर्तामोड/** दन्त चिकित्सकहरुलाई आधारभूत ज्ञान र व्यवहारिक सीपमा दक्ष बनाउन ह्यान्ड्स-अन वर्कशप आधारभूत एन्टेरियर कम्पोजिट पुनर्स्थापनाहरू सम्बन्धी एक दिवसीय तालिम दिइएको हो । बिर्तामोडको सीपी होटलमा आयोजना गरिएको कार्यक्रममा डा. इभान मानन्धरले दन्त चिकित्सकहरुलाई तालिम दिएका थिए । नेपाल डेन्टल एसोसिएसन झापा शाखाका वर्तमान अध्यक्ष डा. मुकेशकुमार शाहले अध्यक्षता गरेको कार्यक्रममा स्वागत मन्तव्य महासचिव डा. अक्कल गुरुधामी तथा पूर्व अध्यक्ष डा. हेरम्ब झाले दिएका थिए ।

सो कार्यक्रममा हिमालय डेन्टल सर्जिकल सप्लायर्स, श्री पाउ पाथिभरा सप्लायर्स, ॐ दिव्यान्श डेन्टल सप्लायर्स, विभूति केमिकल सर्जिकल सप्लायर्स, सीटीएल फर्मास्युटिकल्स र इस्कन इम्पेक्सको प्रायोजन रहेको थियो। सो कार्यक्रमको संचालन डा. नेहाल मैनालीले गरेका थिए भने प्राविधिक सहयोग डा. शयुज अधिकारीले गरेका थिए । कार्यक्रममा ३० जना दन्त चिकित्सकहरुको सहभागिता रहेको नेपाल डेन्टल एसोसिएसन झापाका अध्यक्ष डा. शाहले जानकारी दिएका छन् ।

## निवृत्त कर्मचारीले बुझाए ज्ञापनपत्र

**भद्रपुर/**निवृत्त राष्ट्र सेवक समाज नेपाल भद्रपुर नगरकार्य समिति झापाले आर्थिक बर्ष २०८२/८३ को संघिय बजेटमा निवृत्त राष्ट्र सेवकहरुको तलव वृद्धि नगरेको भन्दै जिल्ला प्रशासन कार्यालय झापा मार्फत प्रधानमन्त्रीको कार्यालयलाई ध्यानाकर्षण पत्र बुझाएका छन् । समाजका अध्यक्ष मुक्ति नाथ दाहाल, सचिव खड्ग बहादुर बुढाथोकी, निवृत्त राष्ट्र सेवक संघ झापा अध्यक्ष माधव प्रसाद घिमिरे लगायतका निवृत्त राष्ट्र सेवकहरुले आइतबार जिल्ला प्रशासन कार्यलय झापामा पुगि सहायक प्रमुख जिल्ला अधिकारी तेज प्रकाश प्रसाईंलाई सो ध्यानाकर्षण पत्र बुझाएका हुन ।

पत्रमा विगत ३ वर्ष समयावधि व्यतीत हुँदा समेत राष्ट्र सेवकहरुको तलब वृद्धि नगरी महँगी भत्ताको रुपमा थप रकम उपलब्ध गराउने घोषण गरेबाट निवृत्त राष्ट्र सेवकलाई अन्याय र अपहेलना गरेको पत्रमा उल्लेख गरिएको छ । ध्यानाकर्षण पत्रमा महत्वपूर्ण जीवनकाल राष्ट्र सेवामा समर्पण गरेका निवृत्त राष्ट्र सेवकलाई महँगीको असर नपर्ने र बहालवालालाई मात्र पर्ने भन्ने आशय गलत भएको उल्लेख छ । बहालवाला कर्मचारीलाई पटक पटक महँगी भत्तामा बृद्धि गरिनु र सेवा निवृत्तलाई भने विगत ३ वर्ष देखि नै तलव पेन्सनमा वृद्धि नगरिनु विभेदपुर्ण निन्दनीय कार्य भएकोले उक्त भत्तालाई तलवमा तत्काल समायोजन गर्ने व्यवस्था गरियोस् भन्ने ध्यानाकर्षण पत्रमा उल्लेख गरिएको छ ।

**प्रदेश स्तरीय १५ औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता**

# झापालाई पहिलो दिनमै चार स्वर्णसहित ६ पदक

**दमक/** विराटनगरमा जारी कोशी प्रदेशस्तरीय १५ औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा झापाले पहिलो दिन चार स्वर्णसहित ६ पदक प्राप्त गरेको छ ।

झापाका एक छात्र र एक छात्राले करातेतर्फ एकएक स्वर्ण, एथलेटिक्सतर्फ छात्राको एक स्वर्ण र छात्रतर्फ एक स्वर्ण, एक रजत र एक कास्य जित्दै पदकको खाता खोलेका हुन् ।

झापा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष प्रशान्त भण्डारीका अनुसार करातेको काता विधामा झापाका कुसाङ लिम्बू र सञ्जु शेर्माले स्वर्ण पदक हात पारेका हुन् ।

कुसाङ दमकका हुन् भने सञ्जु शिवसताक्षीबाट छनोट भएर जिल्लास्तरीय टिममा पर्दै कोशी प्रदेशको प्रतियोगितामा प्रतिस्पर्धा गर्न पुगेको प्रशिक्षक विक्रम मेचेले बताए ।

त्यस्तै, एथलेटिक्सतर्फ १०० मिटरमा सुजन मण्डल र पुष्पावती चौधरीले स्वर्ण जितेका छन् । मोहमद शेखले कास्य जिते भने हाइजम्पमा अभिषेक अधिकारीले रजत जितेको प्रशिक्षक लोकप्रसाद ओलीले बताए ।

जेठ २४, २५ र २६ गते विराटनगरमा हुने प्रदेशस्तरीय प्रतियोगितामा जिल्लाले प्रथम स्थानको नतिजा निकाल्ने झापा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भण्डारीले बताए ।

झापाबाट उसु, तेक्वान्दो र करातेमा ६ छात्र/६ छात्रा, भलिबल र कबड्डीमा ९ छात्र/९ छात्रा तथा एथलेटिक्समा ११ छात्र/११ छात्रा खेलाडी सहभागी छन् ।

## नेपालीले डलरकार्डमै दुई अर्ब बढी खर्च

**दमक/** नेपालीहरूले डलर प्रिपेड कार्डबाट नौ महिनामा करिब दुई अर्ब रूपैयाँ खर्च गरेका छन् । नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार चालु आर्थिक वर्षको साउनदेखि चैतसम्ममा डलर प्रिपेड कार्डबाट नेपालीहरूले एक करोड ३८ लाख ६ हजार डलर (करिब एक अर्ब ८९ करोड रूपैयाँ) खर्चिएका हुन् । राष्ट्र बैंकले आर्थिक वर्ष २०७७/७८ देखि नेपालीहरूले विदेशी मुद्राको प्रिपेड कार्ड प्रयोग गर्न सक्ने सुविधा दिएको हो ।

रबर स्ट्याम्प बनाउने ठाउँ
बिजि स्टेशनरी एण्ड छापाखाना दमक-६,
मोबाइल लाईन ।
९८०१४१४५२६
९८४३०३४५२६

**पहाडी**.....एसिया इन्फो नामक कम्पनीले बार्षिक ६५ करोड रुपैयाँका दरले पाँच बढीसम्म ३ अर्ब रुपैयाँ बढी भुक्तानी पाउने अवस्था थियो । एक जना व्यक्तिले अर्को व्यक्तिलाई टेलिफोन गर्दा बिलिङ प्रणालीबाट नै सम्पर्क स्थापित हुन्छ । त्यसैले, पर्याप्त ब्यालेन्स नहुँदा त्यही बिलिङ प्रणालीले अर्को व्यक्तिसँग फोन नलाग्ने हुन्छ । त्यसैले, यो महत्वपूर्ण ठेक्कामा नै भ्रष्टाचार भएको अख्तियारको ठहर छ ।

**भोजपुर**...अस्पताल, दमक अस्पताल, धनकुटा अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीले सेवा प्रदान गरेका थिए । टिममा डा पवित्रा श्रेष्ठ, डा विजय रानाभाट, एनेस्थेसिया अम्बिका ढकाल लगायत थिए ।

**गृहमन्त्री**..... र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का मुख्य सचेतक हितराज पाण्डेसँग छलफल गरेका हुन् । सभामुखले राजनीतिक दलहरूबीच सहमतिका लागि पटक-पटक संसद् बैठक स्थगित गरे पनि निकास नदिएको भन्दै असन्तुष्टि जनाए । संसद् अवरोधका कारण आगामी आर्थिक वर्षको बजेटमाथिको छलफल प्रारम्भ हुन नसकेको उल्लेख गर्दै उनले संवैधानिक सीमा र व्यवहारिक पक्षको ख्याल गर्न आग्रह गरे । प्रमुख विपक्षी माओवादी केन्द्रका मुख्य सचेतक पाण्डेले आज नै पार्टी अध्यक्ष पुष्पकमल दाहालले बानेश्वरमा विपक्षी दलको बैठक बोलाउनुभएकाले त्यसपछि आफूहरूको धारणा दिने बताएका थिए ।

सत्तारूढ एमालेका प्रमुख सचेतक बर्तौला र कांग्रेस प्रमुख सचेतक घिमिरेले विपक्षी दलको मागअनुसार गृहमन्त्रीको राजीनामा र छानबिन समिति गठन गर्ने मागमा सहमत हुन नसकिने अडान दोहोर्‍याए ।

**कालोपट्टी**....हजार रूपैयाँ मात्र बढाउने भनेको छ । त्यसैले सो महंगी भत्तालाई भत्ताका नाममा नभई तलबमा नै समावेश गर्न भन्दै निवृत्त राष्ट्रसेवक समाजले माग गरेको छ । समाजको दमक नगर समितिको हालै अध्यक्ष अम्बिका प्रसाद सापकोटाको अध्यक्षतामा बसेको बैठकले पनि तय गरिएको महंगी भत्तालाई यथावत राखी तलबमानमा वृद्धि गर्न माग गर्ने निर्णय गरेको जानकारी गराइएको छ । आगामी आर्थिक वर्षको बजेटमाथि हाल संघीय संसदमा छलफल हुने क्रम चलिरहेको छ भने प्रस्तुत बजेट संशोधन गरी तलबमान वृद्धिको व्यवस्था गर्न समेत सो समाजले माग गरेको छ । समयानुकूल तलबमान नहुँदा कर्मचारी प्रशासनमा अनेकौं खालका विकृतिहरू देखापर्नुका साथै परिवार र जीविकोपार्जनका लागि समेत धौ धौ पर्ने स्थिति रहेको यथार्थले अनियमितता र भ्रष्टाचारलाई मलजल गरिरहेको कतिपयको तर्क छ ।

## विश्वविद्यालय देखि मेडिकल कलेजसम्मलाई बजेट


**काठमाडौं/**सरकारले कैलालीको गेटा मेडिकल कलेजलाई शहीद दशरथ चन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालय सञ्चालनमा ल्याउने भएको छ । संघीय संसदका दुवै सदनमा आर्थिक वर्ष २०८२/८३ को बजेट प्रस्तुत गर्दै अर्थमन्त्री विष्णु पौडेलले शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सञ्चालनमा ल्याइने बताएका हुन् । 'गेटास्थित शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सञ्चालनमा ल्याइनेछ,' उनले भने । विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयको पूर्वाधार निर्माण गर्ने पनि बजेटमा छ । यस्तै, बर्दिवास, बुटवल, सुर्खेत र डडेल्धुरामा निर्माणाधीन तथा प्रस्तावित मेडिकल कलेजहरुको पूर्वाधार निर्माण कार्य अगाडि बढाउन ५६ करोड बिनियोजन गरिएको छ । मन्त्री पौडेलले सरकारी स्वास्थ्य प्रणालीमा आवश्यक पर्ने विषय र संख्याअनुरुप जनशक्ति उत्पादन गर्नका लागि छात्रवृत्ति दिइनेछ ।

उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको सिफारिस बमोजिम मेडिकल शिक्षामा प्रदान गरिदैं आएको छात्रवृत्तिलाई गरिब, जेहेन्दार र अति दुर्गम क्षेत्रका विद्यार्थी लक्षित बनाइने बजेटमा छ । मुसहर, डोम, चमार समुदायका विद्यार्थीलाई चिकित्सातर्फको उच्च शिक्षामा उत्प्रेरणा छात्रवृत्ति प्रदान गरिने बजेटमा छ । यसैगरी, चिकित्सा, इन्जिनियरिङ, सूचना प्रविधी, नर्सिङलगायतका प्राविधिक विषयमा जनशक्तिको अभाव हुन नदिन विद्यमान मापदण्ड पुनरावलोकन गरी अध्ययन कोटा वृद्धि गरिने पनि बजेटमा उल्लेख छ । यस्तै, वन मन्त्रालयअन्तर्गतको जडीबुटी उत्पादन तथा प्रवर्द्धन कम्पनीको विकासका लागि २० करोड रुपैयाँ बजेट बिनियोजन गरिएको अर्थमन्त्री पौडेलले जानकारी दिए । कम्पनीको पूर्वाधार विकास र व्यवस्थापन सुधार गरी उत्पादन वृद्धि गर्न उक्त बजेट बिनियोजन गरिएको हो ।

## जुवा खालबाट नौजना पक्राउ

काठमाडौं । काठमाडौं महानगरपालिका-३ सामाखुसी रानीबारी बस्ने ५८ वर्षीय डम्बर लामाले आफ्नै घरमा संचालन गरेको खुसी किचेन रेष्टुरेन्टमा जुवातास खेलिरहेको अवस्थामा होटल संचालक डम्बर समेत ९ जनालाई शनिबार साँझ प्रहरीले पक्राउ गरेको छ । प्रहरी वृत्त महाराजगंजबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ६२ हजार ८ सय रूपैयाँ र तास ३ बुक सहित पक्राउ गरेको हो ।

घर-जग्गा बिक्रीमा



दमक-५ स्थित एलम्बर चोकमा जुनसुकै व्यवसाय र कार्यालय समेतको लागि उपर्युक्त, पार्किङ सुविधासहितको फराकिलो जमिनमा रहेको घर बिक्रीमा छ ।
सिधा सम्पर्क : ९८१६९९९२००

झापा डाइग्नोस्टिकको सेवा
रेडियोलोजिष्टको क्षेत्रमा लामो अनुभव प्राप्त गरी भरपर्दो सेवा प्रदान गर्दै आउनु भएका चिरपरिचित डा. तिलकचन्द्र शाहको भिडियो एक्सरे क्लिनिक (झापाडाइग्नोस्टिक) हिमाल फार्मेसीबाट दमक प्रहरी थाना अगाडि इसा कम्प्लेक्समा सरेको आम सेवाग्राहीमा जानकारी गराउँदछौं ।
: सम्पर्क नम्बर:
९७०४५४४८९९/०२३-५७७४१४

गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Special Pre Purchase fare for
HIMALAYA AIRLINES & NEPAL AIRLINES
KTM to DOHA, DUBAI, KUWAIT, DAMMAM
बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद
Air India, Indigo, Spice Jet, Akasa Air
:सम्पर्क:
गंगा ट्राभल्स एण्ड टुर्स
बागडोगरा
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११
मो. ९८४२६४५१३६/९८१४९८५७२०

चन्द्रदर्शन बचत तथा ऋण सहकारी संस्था लि. कमल-५ झापाको

## कर्जा नतिर्ने ऋणी सदस्यलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सूचना

*प्रथम पटक प्रकाशित मिति : २०८२ जेठ २६ गते सोमबार*

यस सहकारी संस्थाबाट तपशीलमा उल्लेखित ऋणीले लिएको कर्जाको सावाँ, ब्याज, हर्जना र अन्य दै दस्तुर रकम समेत तिर्न/बुझाउन पटक-पटक मौखिक, लिखित, फोन सम्पर्क तथा प्रत्यक्ष भेटेर तरतागेता गर्दा समेत नतिरी/नबुझाइ ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तसर्थ यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा संस्थामा सम्पर्क राखी यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण बक्यौता रकम **(कर्जाको सावाँ, ब्याज, हर्जना र अन्य दैदस्तुर रकम समेत)** चुक्ता गर्न हुन सूचित गरिन्छ । अन्यथा सहकारी ऐन, नियमावली, कर्जा सम्बन्धी सम्झौताका शर्त लिखित तथा प्रचलित नेपाल सरकारको कानुन बमोजिम तपशीलको धितोबाट कर्जा असुल उपर गरिने व्यहोरा सम्बन्धित तपशीलका ऋणी सदस्यलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**ऋणीको नाम, थर, ठेगाना र तीन पुस्ते**



ऋणीको नाम : प्रमीला नेम्बाङ्ग
बाबु: शाहेन्द्र विक्रम नेम्बाङ्ग
बाजे: महेन्द्र विक्रम नेम्बाङ्ग
वतन : साविक लखनपुर-१ (हाल कमल गा.पा.-५)
नागरिकता न. : ९७७३१९१५
ना.प्र. जारी मिति : २०६१/०३/२० (झापा)

**जमानी बस्नेको नाम, थर, ठेगाना र तीन पुस्ते**



नाम : रक्षा राई
बाबु: मदन कुमार राई
बाजे: मणी बहादुर राई
वतन : साविक लखनपुर-१ (हाल कमल गा.पा.-५)
नागरिकता न. : ०५२०४८/३६९४१
ना.प्र. जारी मिति : २०७१/०८/१६ (मोरङ्ग)

**धितो दिएको जग्गाको विवरण :**

| जिल्ला | न.पा/गा.वि.स | वडा नं./नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| झापा | दमक | १०/१७३१५७६१९ | ३३० | ११८.५१ व.मी. | प्रमिला नेम्बाङ्ग |

**ऋणीको नाम, थर, ठेगाना र तीन पुस्ते**



ऋणीको नाम : केशव पौडेल
बाबु: युवराज पौडेल
बाजे: वासुदेव पौडेल
वतन : गौरादह-०७
नागरिकता न. : ४२३१/२३१७
ना.प्र. जारी मिति : २०४४/१२/०४ (झापा)

**जमानी बस्नेको नाम, थर, ठेगाना र तीन पुस्ते**



नाम : शान्तकला पौडेल
बाबु: निलकण्ठ कोइराला
पती: युवराज पौडेल
वतन : गौरादह-०७
नागरिकता न. : ४२३१/३५२
ना.प्र. जारी मिति : २०४६/०२/१० (झापा)

**धितो दिएको जग्गाको विवरण :**

| जिल्ला | न.पा/गा.वि.स | वडा नं./नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| झापा | जुरापानी | ०१/१७९०६१८ | २३६० | ७१७८.३७ व.मी. | शान्तकला पौडेल |

**ऋणीको नाम, थर, ठेगाना र तीन पुस्ते**



ऋणीको नाम : शोभा राई
बाबु: मेख बहादुर दाहाल
पती: मुलुक सिंह राई
वतन : चुलाचुली-०१ (हाल कमल-०३)
नागरिकता न. : ०३०२२३/२८१६
ना.प्र. जारी मिति : २०६३/१२/१३ (इलाम)

**जमानी बस्नेको नाम, थर, ठेगाना र तीन पुस्ते**



नाम : मुलुक सिंह राई
बाबु: रहरमान राई
बाजे: दलमान राई
वतन : चुलाचुली-०१ (हाल कमल-०३)
नागरिकता न. : ३८४२३/२६६१
ना.प्र. जारी मिति : २०४९/०५/०१ (इलाम)

**धितो दिएको जग्गाको विवरण :**

| जिल्ला | न.पा/गा.वि.स | वडा नं./नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| झापा | शिवगञ्ज | ७/७ङ | २०१७७ | ११०.०५ व.मी. | शोभा राई |
| झापा | शिवगञ्ज | ७/७ङ | २०१८० | २४१२.७३ व.मी. | शोभा राई |

**चन्द्रदर्शन बचत तथा ऋण सहकारी संस्था लि.**
कमल-५, झापा (सम्पर्क : ०२३-५७५५७५)

सडक दुर्घटनाबाट बचौं र बचाऔं
♦ जेब्रा क्रसिङबाट मात्र सडक पार गरौं,
♦ सडक पेटीबाट हिडौं,
♦ रातीको समयमा यात्रा गर्दा प्रकाश परावर्तन हुने कपडा लगाऔं,
♦ चलिरहेको सवारी साधनबाट ओर्लिने वा चढ्ने कार्य नगरौं- नगराऔं,
♦ सवारी साधनमा भएका सिट बेल्ट प्रयोग गरौं,
♦ भीडभाड भएका सवारी साधनमा यात्रा नगरौं- नगराऔं,
♦ सडकमा जथाभावी नहिडौं - नहिडाऔं,
♦ पशु चौपायाहरुलाई सडकमा नछाडौं,
नेपाल सरकार
विज्ञापन बोर्ड

प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२/५८१७०७, प्रबन्धक: सुवासचन्द्र भट्टराई, मुद्रण: ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादक: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउट: सुरेन बस्नेत